# सिरानचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

Mail:ito.siranchowkmun@gmail.com

गण्डकी प्रदेश, नेपाल


प.सं.: २०७६/०७७

च.नं. : 1206

मितिः२०७६/१२/०२

सूचना! सूचना!! सूचना!!!

## न्युनतम रोजगारीमा संलग्न हुन का लागि निवेदन दिने बारेको जरुरी सूचना

रोजगारीको हक सम्बन्धी एने, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०७७/०७८ मा यस सिरानचोक गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार ब्यक्तिहरुले २०७६साल चैत्र मसान्त भित्र आफुले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार ब्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदन फारम सम्वन्धित वडा कार्यलय, रोजगार सेवा केन्द्र सिरानचोक गाउँपालिका वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साईट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ। निवेदनका साथ पेशगर्नु पर्ने आवश्यक कागजातहरु तपशिल बमोजिम रहेका छन्।

तपशिलः

१. एक आर्थिक बर्षमा न्यूनतम १०० दिन रोजगारीमा संलग्न नभएको, नेपाल सरकारले तोकेको न्यूनतम बार्षिक आय रु.१५०००० भन्दा कम आम्दानी रहेका परिवारकाब्यक्ति हरु।
२. पारिवारिक विवरण सम्पूर्ण परिवारका सदस्यहरुको नाम, नाता, जन्ममिति, नागरिकता नं / जारी मिति (नागरिकताको फोटोकपी १ प्रति)
३. आवश्यकता अनुसार विवाह दर्ता र बसाईसराई दर्ता प्रमाण पत्रको प्रतिलिपि ( अन्य जिल्ला भएको हकमा)।
४. निवेदक सहित परिवारका सम्पुर्ण सदस्यको शैक्षिक योग्यता, सिपमुलक तालिमको विवरण, दक्षता, रोजगारीको अवस्था ( स्वदेश/ विदेश/ स्वरोजगार), सामाजिक सुरक्षा भत्ता तथा सरकारी कोषबाट नियमित सुविधा प्राप्त गरेको/ नगरेको विवरण।
५. निवेदकको सम्पर्क नं (मोबाइल नं)
६. पासपोर्ट साइजको फोटो १ प्रति (निवेदको हकमा)
७. बैङ्क खाता नं (उपलब्ध भएसम्म) ।

..............................

नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः

वडा कार्यालयहरु सबैः सूचनाको पहुँच पुग्ने गरी सम्वन्धित ठाँउ ठाँउमा सुचना टाँस गरिदिनुहुन।